तुम्बेवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : ३३ प्रकाशित मिति २०८०/१२/०७

## भाग-२

तुम्बेवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

**ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०८०**

**१. परिचय :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम तुम्बेवा गाउँ कार्यपालिकाको मिति २०८०/१२/०६ गतेको बैठकले पारित गरि यो कार्यविधि लागू गरेको छ ।

**२. परिचय-पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

**३. उद्देश्य :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने । उक्त लगत राख्ने कार्यमा एकरुपताका लागी अनुसूची-२ को ढाँचामा लगत राख्नु पर्नेछ ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४. लक्षित वर्ग :**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५. ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएकोछ :

(क) साठी वर्ष पुरा गरी सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक ।

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक ।

(ग) असहाय ज्येष्ठ नागरिक ।

(घ) अशक्त ज्येष्ठ नागरिक ।

**६. परिचय-पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा :**

ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँ चा यस कार्यविधिको अनुसूची-१ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ । उक्त परिचयपत्र एकातर्फ नेपाली भाषामा र पछाडि पट्टि अंग्रेजी भाषामा रुपान्तरण गरेको हुनेछ ।

**८. परिचय-पत्र वितरण प्रक्रिया :**

क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी गाउँपालिकाको कार्यालयमा राखी वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिश सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेश गर्नुपर्ने छ ।

**९. विविध :**

क) गाउँपालिकालाई आवश्यक लागेमा कार्यपालिकाका जेष्ठ सदस्यको संयोजकत्वमा कार्यविधिले तोके बमोजिम सदस्य रहने गरि एक जेष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ ।

## अनुसूची-१

तुम्बेवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, मौवा, पाँचथर,
कोशी प्रदेश, नेपाल

## ज्येष्ठ नागरिक परिचय-पत्र

फोटो

प्र.प.नं :....................... नाम थर : .......................................... राष्ट्रियता.................. ना.प्र.प.नं: ........................................ ठेगाना : प्रदेश................. जिल्ला ..................गा.पा.: ................. वडा नं. ........ टोल/गाउं .................. उमेरः .......... लिङ्गः .......... जन्म मिति...................................... उपलब्ध छुट तथा सुविधाहरु : ...................................................... पति/पत्नी/छोरा/छोरी को नाम : .............................................. हेरचाह केन्द्रमा बसेको भए सोको विवरण: ............................................ संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. :.............................. रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम: ....................

प्रमाणित गर्ने :-

दस्तखत :

नाम थर :

पद :

कार्यालय :

## Annex 1

Tumbewa Rural Municipality
Office of the Municipal Executive
Mauwa, Panchthar
Koshi Province, Nepal

## Senior Citizenship Card

Photo

Card No……………

Name……………………….....................…Nationality………………

Citizenship No..................................

Address : Province . ……………….............…. District………....…….

Rural Municipality ward No………
Tole/Village……..............................……

Age …………………… Sex…………Date of birth ……...…………

Available Service…………………………......................................…
Name of Wife/Husband/ Daughter/son…………..……….............…….
Name of caretaker, Contact No. ..........................................................

Blood Group …………..Diseases Name………….............…………

Name of drugs ……………………..................................................……

Approved by :-

Signature :-

Name :-

Designation :-

Office :-

## अनुसूची-२ ज्येष्ठ नागरिक परिचय-पत्र
## अभिलेख विवरण

| सि.नं. | नाम,थर | जन्म मिति | वुवा/आमाको नाम,थर | वाजेको नाम,थर | पति/पत्नीको नाम,थर | संरक्षकको नाम, थर | ना.प्र.न. तथा जारी मिति र जिल्ला | ज्येष्ठ नागरिक परिचय पत्र नं तथा जारी मिति | फोटो | हस्ताक्षर | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आज्ञाले,
केशव कुमार थापा
निमित्त प्रमुख प्रशासकीय अधिकृत